श्रमको सम्मान गरौं
कामलाई सानो वा ठूलो नभनौं,
स्वदेशमैं व्यापार व्यवसाय गरौं,
रोजगार भई राष्ट्रनिर्माणमा
सहभागी होऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
prateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ माघ १७ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 31 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५६

## विद्यालय खुले पनि विद्यार्थीहरूले खोप पाएनन्

ओमप्रकाश चौधरी/माधव तिमल्सिना, १६ माघ/

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कोरोना सङ्क्रमणको कारण माघ १५ गतेसम्म विद्यालय बन्द गर्न कारण विद्यार्थीहरूलाई खोप लगाउन नसकिएको गापा स्वास्थ्य संयोजक रमेश थिङले बताए । संयोजक थिङले गापा अन्तर्गत स्वास्थ्य चौकीहरूलाई विद्यालयमा अध्ययनरत १२ देखि १७ वर्ष उमेरका विद्यार्थीलाई आजदेखि विद्यालय खुला गरे पनि खोप भने उपलब्ध भएन । स्वास्थ्य कार्यालय, पर्साका निमित्त प्रमुख



विद्यालय जाँदै विद्यार्थीहरू । तस्वीरः प्रतीक

निर्देशन गरे अनुसार बन्द भएका विद्यालयहरू आज आइतवार पर्सा जिल्लामा केही खुले भने केही बन्द नै रहे ।

मन्त्रालयको पछिल्लो सूचना अनुसार १२ देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरूलाई कोरोनाविरुद्धको खोप लगाउन माघ १६ देखि २० गतेसम्म विद्यालय खुला गर्ने निर्णयअनुरूप आज केही विद्यालय खुले भने केही बन्दै रहे ।

मन्त्रालयले यस्तो परिपत्र गरे पनि सिएमसीको हालैको बैठकले विद्यालयहरू माघ मसान्तसम्म बन्द गर्न सिफारिश गरेको कारण पर्सा जिल्लाका विद्यालयहरू खोल्ने कि बन्द गर्ने भन्ने असमञ्जसमा परेको पटेर्वासुगौली गाउँपालिका-४ पटेर्वा प्राविका प्रअ रामनारायण चौधरीले बताए । उनले पालिकाले खोल्ने वा बन्द गर्ने विषयमा कुनै निर्देशन नगरेको कारण मन्त्रालयको पत्र अनुसार आज विद्यालय सञ्चालन गरिएको बताए ।

ठोरी गापाका सबै विद्यालय आज सञ्चालनमा आए तर खोप नआएको बालबालिकाहरूलाई खोप लगाउन तयारी अवस्थामा राखिएको तर खोप अभावमा कार्य हुन नसकेको बताए । उनले खोप आउने बित्तिकै विद्यालयहरूसँग समन्वय गरेर अभियानलाई तीव्रता दिने बताए ।

ठोरीका विद्यालयहरूले १२ देखि १७ वर्ष उमेरका बालबालिकाहरूको अभिलेख तीन साताअघि नै गापालाई उपलब्ध गराइसकेको छ ।

ठोरीमा यो उमेर समूहका दुई हजार ५०० विद्यार्थी रहेको संयोजक थिङले बताए । विद्यार्थीहरू आजबाट आए पनि उनीहरूलाई खोप नलगाइएको कारण भौतिक उपस्थितिमा पठनपाठन गराउन जोखिम हुने देखेर बिदा गरिएको थियो ।

पटेर्वासुगौली, जीराभवानी, जगरनाथपुर गापाका विद्यालयहरू सञ्चालनमा आएको बुझिन आएको छ । महानगरका विद्यालयहरू पनि केही सञ्चालनमा आए भने केही बन्द नै रहे । कोरोनाविरुद्धको खोपको लागि आजदेखि माघ २० गतेसम्म विद्यालय खुला गरिएको हो ।

**विद्यालय खुले पनि खोप पुगेन**

कोरोनाविरुद्धको खोपका लागि नवलकिशोर साहले प्रदेश सरकारबाट खोप उपलब्ध नभएको कारण विद्यार्थीहरूलाई खोप दिन नसकिएको बताए । उनले एक साताअघि नै विद्यार्थीहरूको लागि मोडर्ना र फाइजरका ५२ हजार मात्रा खोप माग गरिएको तर अहिलेसम्म नआएकाले विद्यार्थीहरूलाई दिन नसकिएको बताए । उनले एक/दुई दिनमा खोप आउने र सोहीअनुरूप विद्यार्थीहरूलाई खोप लगाइने प्रतीकलाई बताए ।

**विद्यालय खोल्ने कि बन्द गर्ने असमञ्जस**

कोरोनाको कारण आजदेखि सञ्चालनमा आएका विद्यालयहरू खोल्ने कि बन्द गर्ने भन्ने विषयमा असमञ्जसमा छन् ।

आज खुलेका विद्यालयहरूले भने पठनपाठनभन्दा कोरोनाविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरेका थिए । विद्यालय खोलिए पनि उद्देश्यपरक काम हुन नसक्ने थाहा पाएर केही विद्यालयहरू सोमवारदेखि बन्द हुने भएका छन् । केही पालिकाले आज साँझसम्म विद्यालय खोल्ने कि बन्द गर्ने भन्ने विषयमा निर्णय गर्ने बताइएको छ ।

## प्रतीक दैनिक राष्ट्रिय 'क' वर्गमा

प्रस, वीरगंज, १६ माघ/

प्रेस काउन्सिलले दुई आर्थिक वर्षको वर्गीकरण नतीजा आइतवार सार्वजनिक २०७६/७७ को नतीजा सार्वजनिक गरेको हो । दुवै वर्षमा प्रतीक दैनिक राष्ट्रिय 'क' वर्गमा रहेको छ ।

काउन्सिलले हरेक एक वर्षलाई आधार मानेर मुलुकभरि प्रकाशित तथा वर्गीकरणका लागि आवेदन दिएका

प्रेस काउन्सिल नेपाल, आ. व. २०७५/२०७६ सालको पत्रपत्रिका वर्गीकरणका लागि प्राप्त आवेदनहरूको मूल्याङ्कन नतिजासम्बन्धी विवरण

| क्र.सं. | फा.नं. | पत्रिकाको नाम | जिल्ला | प्रकार | स्तर | वर्ग |
|---|---|---|---|---|---|---|
| १ | १ | इलाम एक्सप्रेस दैनिक | इलाम | दैनिक | स्थानीय | ख |
| २ | २ | इलाम पोष्ट दैनिक | इलाम | दैनिक | स्थानीय | क |
| १४७ | १५६ | आंजुर द्वैमासिक | धनुषा | साहित्येक | स्थानीय | क |
| १४८ | १५७ | प्रतिक दैनिक | पर्सा | दैनिक | राष्ट्रिय | क |
| १४९ | १५९ | जनसृष्टि दैनिक | पर्सा | दैनिक | स्थानीय | क |

प्रेस काउन्सिल नेपाल, आ. व. २०७६/२०७७ सालको पत्रपत्रिका वर्गीकरणका लागि प्राप्त आवेदनहरुको मूल्याङ्कन नतिजासम्बन्धी विवरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४३ | १५० | आँजुर द्वैमासिक | धनुषा | साहित्यिक | स्थानीय | क |
| १४४ | १५१ | प्रतिक दैनिक | पर्सा | दैनिक | राष्ट्रिय | क |
| १४५ | १५२ | प्रतिफल दैनिक | पर्सा | दैनिक | स्थानीय | ख |

गरेको छ । काउन्सिलले सार्वजनिक गरेको नतीजा अनुसार प्रतीक दैनिक राष्ट्रिय 'क' वर्गमा परेको छ ।

काउन्सिलले आव २०७५/७६ र

गत एक दशकभन्दा लामो अवधिदेखि नै 'क' वर्गमा रहँदै आएको यस दैनिकले आफ्नो वर्ग कायम राख्न सफल भएको हो ।

पत्रपत्रिकाहरूको मूल्याङ्कन गरी राष्ट्रिय, प्रदेश र स्थानीय गरी तीन तहमा 'क', 'ख', 'ग' र 'घ' वर्ग गरी वर्गीकरण गर्दै आएको छ ।

## नेकाले वीरगंजमा शहीद दिवस मनायो

प्रस, वीरगंज, १६ माघ/

नेपाली काङ्ग्रेस, पर्साको क्षेत्रीय समिति र वीरगंज महानगर समितिको आयोजनामा आइतवार शहीद दिवस



तस्वीरः प्रतीक

मनाइएको छ ।

शहीद दिवसको अवसरमा नेका क्षेत्र नं २ ले नारायणी अस्पतालका बिरामीहरूलाई फलफूल वितरण गरेको थियो । यसैगरी, अस्पताल परिसरमा रहेको शहीद थीरबम मल्लको सालिकमा माल्यार्पण गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि नेकाका केन्द्रीय सदस्य अजय चौरसियाले शहीद मल्लको सालिकमा माल्यार्पण गरेका थिए । सो अवसरमा उनले जनताको जीवनस्तर उकास्न गरिने सम्पूर्ण इमानदार प्रयत्न नै शहीदहरूप्रति सच्चा श्रद्धाञ्जलि हुने बताए ।

उनले पर्सा काङ्ग्रेसमा आपसी द्वन्द्व, मतभेदका कारणले जिल्लाका तीनै तहको निर्वाचनमा यसअघि पराजय भोग्नुपरेको कुरालाई दृष्टिगत गर्दै आगामी दिनमा त्यस्तो गलती नगरी नेकाको पक्षमा लाग्न सबै नेता, कार्यकर्तालाई आग्रह गरे ।

क्षेत्रीय सभापति महम्मद सहाबुद्दीनको अध्यक्षतामा भएको कार्यक्रममा हृदयनारायणलाल दास, रघुनाथ पोखरेल, अलिजान मियाँ, हदिसमियाँ मन्सुरी, वीरबहादुर कुर्मी र महम्मद शरीफलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

यसैगरी, नेका पर्सा क्षेत्र नं २ को आयोजनामा घण्टाघरस्थित स्व रामजनम तिवारीको सालिक परिसरमा सरसफाइ गरिएको थियो भने बिपी उद्यानमा रहेको मधेसी शहीदहरूको सालिकमा माल्यार्पण गरिएको थियो ।

कार्यक्रममा नेकाका राजेन्द्रबहादुर अमात्य, शान्ति कार्की, राजेश्वर साह तेली, श्याम पटेल, अरविन्द गुप्ता, भोला कलवार, वैकुण्ठ श्रीवास्तव, दीलिपराज कार्की, धीरज गुप्ता, सुधीर पटेल, मनोज साह, विवेक कलवार, राहुल गुप्तालगायतको सहभागिता थियो ।

यसैगरी, नेका वीरगंज महानगर समितिको आयोजनामा वीरगंज-१४ पिपरास्थित शहीद तेजबहादुर अमात्यको सालिकमा माल्यार्पण गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि शहीदपुत्र राजेन्द्रबहादुर अमात्यलगायतले माल्यार्पण गरेका थिए ।

उक्त अवसरमा शहीदपुत्र अमात्यले शहीदको सपना साकार गर्नेतर्फ सबैलाई इमानदारीपूर्वक काम गर्न आग्रह गरे । उनले शहीदले देखाएको मार्गमा अग्रसर हुन पनि आग्रह गरे ।

नगरअध्यक्ष भोलाप्रसाद कलवारको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य अजय चौरसिया, उपप्रमुख शान्ति

(बाँकी अन्तिम पातामा)

## बाघ गणनाको नतीजा एक महीनापछि आउने

प्रस, परवानीपुर, १६ माघ/

पर्सा राष्ट्रिय निकुञ्जमा भइरहेको



तस्वीरः एजेन्सी

बाघ गणनाको नतीजा एक महीनापछि अर्थात् आगामी मार्चको पहिलो सातामा आउने भएको छ ।

निकुञ्जका सहायक प्रमुख संरक्षण अधिकृत मनोज भगतका अनुसार बाघ गणनाको लागि फिल्डमा क्यामरा राखिने, त्यसपछि नतीजा विश्लेषण गर्न समय लाग्ने भएकोले फेब्रुअरीसम्म बाघ गणनाको काम जारी रहनेछ । सन् २०१८ मा भएको बाघ गणना अनुसार पर्सा राष्ट्रिय निकुञ्जमा १८ वटा बाघ रहेको तथ्याङ्क छ ।

बाघ बढ्ने कि घट्ने विषयमा उनले अहिले केही भन्न उपयुक्त नहुने चर्चा गर्दै तर बाघको पदचिह्न निकुञ्जमा देखिएकाले सङ्ख्या बढ्न सक्ने सम्भावना कर्मचारीहरूको छ । गत माघ ४ गतेदेखि देशभरिका तराईमा रहेका पाँचवटा राष्ट्रिय निकुञ्जमा बाघको गणना शुरू भएको थियो ।

पछिल्लो १२ दिनमा पर्सा राष्ट्रिय निकुञ्जको सेवा क्षेत्र पर्सा, बारा, मकवानपुरको ६२८ वर्ग किलोमिटर र निकुञ्जले छोएको वरपरका क्षेत्र जस्तै चितवन राष्ट्रिय निकुञ्जको सीमा, रौतहटको जङ्गल, डिभिजन वन कार्यालय, पर्सा, बाराका क्षेत्रलगायत ३२१ वटा ठाउँमा ३२१ जोडी क्यामरा जडान गर्ने काम भइसकेको र बाघ गणनाको काम अगाडि बढिसकेको बताइएको छ ।

३२१ जोडी क्यामरामा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रको तीन जोडी र डिभिजन वन कार्यालय,पर्साको दुई जोडी गरी पाँच जोडी क्यामरा हराएको उनले बताए ।

काठ तस्कर तथा वन्यजन्तुहरूको चोरी शिकारी गर्ने उद्देश्यले ती क्यामराहरू चोरी भएको हुन सक्ने र त्यसबारे सम्बन्धित निकायले अनुसन्धान

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**तिमी अन्तरबाट विकसित भएर बाहिर आउनुपर्छ। तिमीलाई कसैले अध्यामिक बनाउन सक्दैन, त्यसको लागि कुनै गुरु छैन, त्यो तिम्रै आत्माले गर्नुपर्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# खाए खा नखाए घिच

**नेपालको स्वास्थ्यबीमा निल्नु न ओकल्नु बनेको छ। हुन त सरकारले सबै नागरिकका लागि स्वास्थ्यमा पहुँच बढोस् भनेर यो योजना लागू गरेको हो। बीमाको सफल र वैज्ञानिक कार्यान्वयन हुने हो भने देशका धेरै नागरिकको भलो हुने कुरामा सन्देह छैन। तर कुनै पनि नीति र योजना आफैंमा राम्रो भएर हुँदो रहेनछ। जबसम्म कार्यान्वयन पक्ष सबल हुँदैन, कस्तै राम्रो योजनाले स्थितिमा सुधार ल्याउन सक्दैन। सरकारले धेरै कम खर्चमा स्वास्थ्य बीमा लागू गरेको छ, ७० वर्ष नाघेका ज्येष्ठ नागरिकका लागि रु एकलाख सम्मको निश्शुल्क बीमा नै गरिदिएको छ। तर त्यसबाट कति प्रतिशत लाभान्वित भए भन्ने तथ्याङ्क न सार्वजनिक गरिन्छ, न त्यस योजनाको लाभ नै सबैले उठाउन पाएका छन्। अनि मानिस निरूत्साहित हुने कुरा स्वाभाविक छ। यस बीमा योजनाको पहिलो त्रुटि हो निर्धारित स्थानबाहेक सुविधा प्राप्त गर्ने हदबन्दी। सरकारले स्वास्थ्य सुविधाका लागि सरकारी अस्पताल, स्वास्थ्य केन्द्र–चौकीहरूलाई प्राथमिकतामा राखेको छ। तर यो ठाउँ 'हारे को हरिनाम' बाहेक केही होइन। सरकारी अस्पताल वा स्वास्थ्य संस्थाहरू निजी अस्पताल र डाक्टरहरूका कन्सल्टेन्सी मात्र बनेका छन्।**

**सरकारले तोकेका यी ठाउँहरूमा औषधि पनि पाइन्न। सिटामोलजस्तो जाबो औषधिका लागि त देशमा हाहाकार मच्छ भने दीर्घरोगीका लागि चाहिने उच्च ब्रान्डका औषधिहरू सरकारी फार्मेसीमा पाउने कुरा दिवास्वप्नबाहेक केही होइन। सरकारको खरीद ऐन यति काम नलाग्ने छ कि एउटा सानो तहको कर्मचारीले कानूनका धुरन्धरहरूलाई रुन विवश पारिदिन्छ। सेवा दिन अक्षम, कमिशनमा परिपक्व खरीद ऐनले स्वास्थ्य क्षेत्रमा मात्र होइन, देशको सबै निकायमा यसरी जरा गाडेको छ कि त्यसको उन्मूलन त के, न्यून गर्न पनि गाह्रो छ। हाम्रा पूर्वज अज्ञानी थिए, वैज्ञानिक थिएनन्, तर पनि उनीहरूले हात्ती नियन्त्रण गर्न अंकुश, घोडा काबू गर्न चाबुक, गोरु नियन्त्रण गर्न छडीजस्ता फरक–फरक मापदण्ड बनाए। तर अति आधुनिक र विदेशमा ज्ञान प्राप्त हाम्रा नीति नियामकहरूले 'सब धन बाइस पसेरी' भनेजस्तै सडक–भवन–पुल निर्माण, औषधि, हतियार, जस्तोपनि जिन्सी सामान खरीद गर्न एउटै खरीद ऐन लागू गरेको छ। खरीद ऐन त ल्याइयो; असल, गुणस्तरीय, टिकाउ सामान खरीदमा घपला नहोस् र सस्तोमा पाइयोस् भनेर तर ऐनले कमसेकम सरकारी निकायमा सबैभन्दा कमसल, गुणस्तरहीन, छिटै बिग्रने र महँगो पर्ने अवस्था ल्याइदियो।**

**अल्छीले मूतको न्यानोमा परम आनन्द लिएजस्तै सरकार कमिशनतन्त्रलाई बढावा दिने, भ्रष्टाचारका लागि उपयुक्त यस खरीद ऐनको दुहाई दिएर थाक्दैन। आखिर स्वास्थ्यग्राही जनताले निश्शुल्क नभए पनि, स्वास्थ्य बीमा गराएर मूर्ख बन्न पुगेका नागरिकले पैसा तिरेरै भए पनि औषधोपचार त गराइरहेकै छन्। ७० नाघेका ज्येष्ठ नागरिकको अवस्था त त्यस मानिसजस्तो छ, जो जाडोको महीनामा रातभरि चीसो पानीमा मात्र यस भरमा बाँचेको थियो कि धेरै पर एउटा दियो बलिरहेको थियो। सरकार, कथाको सरकार सम्राट् अकबर, दियोको न्यानोले कठयाङ्ग्रिएर पनि मानिस नमरेकोमा दङ्ग परिरहेको छ। सरकार ! सुविधा पुऱ्याउनै सक्दैनौ भने निश्शुल्क बीमाको डम्फू किन बजाउँछौ ? सेवा दिन सक्दैनौ भने गरीब नेपालीको केही हजार रुपियाँ भए पनि सहुलियत बीमाको नाममा खोसेर किन गरीबलाई आर्तनाद गर्न विवश पारिरहेका छौ ?**

# गाउँका समस्याहरू र तिनका समाधान

शिक्षा नेपाल



अनन्तकुमार लाल दास

anantlaldas@gmail.com

**गाउँका गरीब मानिसको स्तर उकास्न, कृषिको आधुनिकीकरण, बाटोघाटोको विकास, शिक्षा र स्वास्थ्य सुविधामा सबैको पहुँच बढाउन देशमा विभिन्न पञ्चवर्षीय योजनाहरू समय–समयमा लागू गरिएको छ। तीमध्ये धेरै कम योजना सफल र बढी असफल देखिएको छ।**

नेपाल गाउँहरूको देश हो। हाम्रो देशको आत्मा गाउँमा बस्दछ। यो भनाइ त्यतिकै सत्य हो जति पानीमा हाइड्रोजन र अक्सीजन हुन्छ। यस कारण नेपालजस्तो कृषिप्रधान र गाउँप्रधान देशलाई त्यस बेला सम्म विकसित गर्न सकिंदैन जबसम्म हरेक गाउँमा जीवनको लागि चाहिने मूलभूत आवश्यकताको उचित व्यवस्थापन हुँदैन। यदि हाम्रो गाउँ नै समस्याग्रस्त छ भने गणतन्त्र भनौं वा लोकतन्त्रमाथि गर्व गर्नु व्यर्थ हुन्छ। हाम्रो दुर्भाग्य के हो भने हामी कुरा त ठूल्ठूला गर्छौं तर भुई–सतहमा त्यसलाई कहिल्यै पनि लागू गर्दैनौं। २००७ सालदेखि हालसम्म पनि गाउँका धेरैजसो मानिस आआफ्नो आधारभूत आवश्यकताको पूर्तिका लागि सङ्घर्ष गरिरहेका छन्। ध्यान दिनुपर्ने कुरो के हो भने नेपालको लगभग ७९.४२ प्रतिशत जनसङ्ख्या गाउँमा बस्छ तर जनसङ्ख्याको अनुपातमा यिनीहरूलाई नेपालको आर्थिक विकासको लाभ हासिल भइरहेको छैन। अझ पनि धेरैजसो गाउँ देशको मुख्य धारासँग जोडिएका छैनन्। आफूलाई जनहितैषी भन्ने र विकासको नारा लगाउने दलहरू र सरकारले कहिल्यै पनि गाउँको समस्या गम्भीररूपमा लिएको छैन। प्राय: हरेक दल वा सरकार शहरमा बसोवास गर्ने मानिसलाई नै खुशी पार्ने काममा लागि रहन्छन्।

अर्को ध्यान पुऱ्याउनुपर्ने कुरो के हो भने सदरमुकाम नजीक भएका गाउँहरू विकसित हुने सम्भावना हुन्छ तर सुदूर र पिछडिएका गाउँप्रति न सङ्घ सरकार, न प्रदेश सरकार, न जिल्ला प्रशासनले आफ्नो कर्तव्यको पालना सही तरीकाले गरिरहेको छ। यसर्थ हाम्रो गाउँ आज पनि सभ्यताको दौडमा पछि छुटेको छ। नेपालको भूबनोटले गर्दा यहाँका गाउँहरूको समस्यामा पनि विविधता पाइन्छ। हिमाली प्रदेशका गाउँहरूको समस्या पहाडी र तराईका गाउँहरूको तुलनामा बेग्लै खालको छ भने तराईका गाउँहरूको समस्या हिमाली र पहाडी प्रदेशभन्दा भिन्न छ। समस्या बेग्लाबेग्लै भए पनि ती समस्याका कारण गाउँले मानिसको सामाजिक, आर्थिक, राजनीतिक र मानसिक विकास अवरुद्ध भइरहेको छ जसलाई तत्काल सम्बोधन गर्नु आवश्यक छ।

गाउँका गरीब मानिसको स्तर उकास्न, कृषिको आधुनिकीकरण गर्न, बाटोघाटोको विकास गर्न, शिक्षा र स्वास्थ्य सुविधामा सबैको पहुँच बढाउन देशमा विभिन्न पञ्चवर्षीय योजनाहरू समय–समयमा लागू गरिएको छ। त्यसमा यिनै कुराहरूको विकास गर्ने लक्ष्य पनि रहेको छ। तीमध्ये धेरै कम योजना सफल भएका छन् भने बढी योजना असफल देखिएको छ। विकास खर्चको नाउँमा अर्बौं रुपियाँ खर्च भएको छ। सरकारीतन्त्रको बृहत् प्रयोग गरिएको छ। तर आज पनि प्रादेशिक विविधता र व्यापक प्रभाव पार्ने तल उल्लिखित समस्याहरू गाउँ विकासको नाउँमा सुरसा जस्तै मुख खोलेर उभिएको छ।

**१) गरीबी** : संसारको सबैभन्दा ठूलो अभिशाप भनेको नै गरीबी हो। कोरोना कालमा विशेषगरी गाउँमा यसले भयावह रूप धारण गरिसकेको छ। हाल नेपालको करीब २ करोड ९२ लाख जनसङ्ख्यामा १८.७ प्रतिशत गरीबीको रेखामुनि जीवनयापन गर्न बाध्य छ। सुदूर गाउँमा आज पनि धेरै परिवारले इच्छा अनुसार पौष्टिक खाना खान पाउँदैन। कामको अभाव र न्यून आम्दानीका कारण न यिनीहरूसँग राम्रो छ न जीवन धान्ने आवश्यक सामल। शिक्षा, स्वास्थ्य र मनोरञ्जनको त कुरै नगरौं। गरीबी निवारणका लागि सबैले कृषिको व्यवसायीकरण र आधुनिकीकरणमा ध्यान दिनुपर्ने हुन्छ। यसको लागि सरकारले किसानहरूलाई अति न्यून ब्याजदरमा ऋण उपलब्ध गराउने, किसानहरूलाई भुक्तानी गर्नुपर्ने रकम अविलम्ब भुक्तान गर्ने, उनीहरूको लागि उन्नत बीउ र खाद सहुलियत दरमा उपलब्ध गराउने र ग्रामीण पर्यटनको विकास गरी नौलो किसिमले कृषि गर्न इमानदार पहल र कार्यान्वयनको खाँचो रहेको छ।

**२) बेरोजगारी** : बेरोजगारी गाउँका सबैखाले समस्याहरूको मूल हो, किनभने हरेक समस्या अर्थसँग गाँसिएको हुन्छ र यसबाट नै त्यसको निदान पनि सम्भव छ। प्राय: गाउँका मानिसहरू कैयन प्रकारका काम गर्न सक्षम हुन्छन् र उनीहरू काम गर्न पनि चाहन्छन् तर रोजगारको अभावमा बेरोजगारी बनेर झन्झन् गरीब हुँदै जान्छन्। नेपालमा शहरी र ग्रमीण बेरोजगारी दर लगभग समान छ। गाउँमा खेतीको काम प्राय: ६ देखि ७ महीना हुन्छ र बाँकी समय किसानहरू त्यसै बस्छन्। यसरी गाउँमा प्रत्यक्षरूपले कृषि कार्यमा संलग्नता भएपनि अर्द्धबेरोजगारीको शिकार हुन्छन्। यहाँ ध्यान दिनुपर्ने कुरा के हो भने ११.४ प्रतिशत अर्थात् करीब २७ लाख गाउँले बेरोजगारी छन्। यस समस्याको समाधान गाउँ आधारित अर्थ व्यवस्थाको स्थापना, साना तथा मझौला उद्योगको विकास, कृषिमा पर्याप्त निवेश र किसानहरूको लागि वर्षभरि कृषिकार्य उपलब्ध गराएर गाउँको बेरोजगारी न्यून गर्न सकिन्छ। सँगसँगै सरकारले पनि बेरोजगारीहरूका लागि उचित आय प्रदान गर्ने विभिन्न योजनाहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ। कैयन प्रकारका योजनाहरू चलि पनि रहेका छन् तर खाँचो इमानदार अनुगमनको रहेको छ।

**३) कृषिसँग सम्बन्धित समस्या** : खेतको जोताइदेखि अन्नबालीको बिक्रीसम्म किसानहरूलाई कैयन प्रकारका समस्यासँग जुध्नुपरिरहेको छ। हाम्रो कृषि प्रणालीमा प्रयोग हुने अधिकांश औजारहरू पुरानै छ भने सिंचाइको अभाव, मनसुनमाथि निर्भरता, भोजनको लागि मात्र खेती गर्ने प्रवृत्ति, राम्रो बीउ र खादको लागि पूँजीको अभाव, सहुलियत दरमा ऋण पाउन गाऱ्हो, अत्याधुनिक कृषिप्रति अज्ञानता, अन्नबाली बिक्रीमा समस्या गरीब किसानको अस्तित्वमाथि प्रश्नचिन्ह लगाउन लागि पर्याप्त छ। हाम्रो तराईका उखु किसानहरू आज पनि आन्दोलित छन्। सही भन्ने हो भने साना र गरीब किसानहरूका लागि कृषि अब लाभदायक पेशा रहेन। यस कारण उनीहरू विवश भएर गाँजा खेतीतर्फ उन्मुख भइरहेका छन्। यस्ता समस्याहरूले गर्दा नै बाध्य भएर मानिस गाउँबाट शहरतिर पलायन भइरहेका छन्। हालको वर्षमा कृषि उत्पादन वृद्धिदरमा आएको कमी कृषिप्रति घटिरहेको आकर्षणको प्रतीक हो। यसको समाधानको लागि अब बन्ने पञ्चवर्षीय योजनाहरूमा कृषिलाई देशको उन्नतिमा सर्वाधिक महत्त्वपूर्ण दर्जा दिएर दीर्घकालीन निवेश उपलब्ध गराउनुपर्छ। साथै बाढी नियन्त्रण, किसानहरूको लागि खुला बाजारको सुविधाजस्ता उपायहरू अवलम्बन गरेर उनीहरूलाई वैज्ञानिक खेतीमा सहयोग गर्नु पनि आवश्यक छ।

**४) सामाजिक समस्याहरू** : नेपालका गाउँहरूमा आज पनि कैयन सामाजिक विकृतिहरू जस्तै–अन्धविश्वास, जातिप्रथा, लिङ्गभेद, भ्रूणहत्या, जादूटोना, दाइजो प्रथा, छाउपडी प्रथा, घुम्टो प्रथा, देउकी र झुमा प्रथा, शोषण आदि प्रचलित छ। गाउँमा बसोवास गर्ने मानिसबीच छुवाछूत र उचनीचको भेद पनि छ जसले भित्रभित्रै गाउँको विकासमा अवरोध पुऱ्याइरहेको छ। गाउँमा हुने हिंसा र झगडाको स्थिति यसकै देन हो। यी समस्याहरूमध्ये तराईमा जातिप्रथा र दाइजो प्रथा सर्वाधिक भयावह स्थितिमा छ किनभने एकातिर जातिप्रथाले गर्दा गाउँलेहरू टुक्रिएका छन् भने त्यहीं दाइजो प्रथाले महिलाहरूको स्थिति दिनानुदिन बिग्रँदै गइरहेको छ। यी समस्याहरूको एकमात्र समाधान गुणस्तरीय शिक्षा, अन्तर्जातीय बिहेलाई प्रोत्साहन, जनचेतनामा वृद्धि, कडा कानूनको सिर्जनाले अंकुश लगाउन सकिन्छ तर यसको लागि जनजागरण पहिलो शर्त हो।

**५) अशिक्षा** : वर्तमान आधुनिक युगमा पनि नेपालको गाउँमा पर्याप्त र गुणस्तरीय शिक्षाको अभावले गर्दा कलिलो उमेरमैं केटाकेटीहरू काम गर्न थाल्छन्। शिक्षाको कमी भएको नागरिकले कर्तव्यपालन गर्छ भन्ने आस गर्न सकिंदैन। तथ्याङ्कले के देखाएको छ भने आज पनि नेपालको कुल जनसङ्ख्याको ३२.१ प्रतिशत निरक्षर छ भने महिला निरक्षरहरूको सङ्ख्या यसभन्दा २० प्रतिशत बढी छ। शिक्षाको अभावले गर्दा उनीहरू नजानिंदो किसिमले कैयन रोगलाई घरभित्र लिएर आउँछन्। जानकारीको अज्ञानताले गर्दा सरकारी योजनाहरूबाट लाभान्वित हुँदैनन्। यस समस्याको समाधान अनिवार्य निश्शुल्क शिक्षा हो तर हाम्रो देशको सामुदायिक विद्यालयहरूमा यो पूर्णरूपले निश्शुल्क छैन। हालका दिनहरूमा त अङ्ग्रेजी शिक्षाको नाउँमा सामुदायिक विद्यालयहरूमा लूटतन्त्र नै स्थापित भएको छ र सम्बन्धित निकाय थाहा पाएर पनि मौन बसेको कुरा कसैसँग लुकेको छैन। आज आवश्यकता गाउँलेहरूलाई शिक्षाप्रति आकर्षित गर्नु हो। दिउँसोको खाजा, गाउँ आधारित व्यावसायिक शिक्षा, विद्यालयमा मनोरञ्जन, छात्रवृत्ति र गाउँमा भएको परम्परागत पेशाप्रति सम्मानको भाव जगाउन र सिकाउनको लागि त्यस पेशामा संलग्न मानिसहरूलाई विद्यालयसँग जोडेर शिक्षाप्रति आकर्षित पार्न सकिन्छ।

**६) अन्य समस्याहरू** : माथि उल्लिखित समस्याबाहेक पनि यस्ता थुप्रै समस्याहरू गाउँमा छन्, जसको विद्यमानतामा गाउँको विकास सम्भव छैन। यी समस्याहरूमध्ये गाउँमा पक्की सडकको कमी जसले गर्दा त्यहाँ उत्पादन हुने अधिकांश उत्पादन खेर गइरहेको छ। यसैगरी अस्पताल र स्वास्थ्य चौकीको अभाव, कुपोषणको समस्या, सञ्चारका साधनहरूको अभाव, उद्योग र कारखानाको कमी, महिलाहरूसँग गरिने विभेदजस्ता समस्याको समाधान गर्नु नितान्त आवश्यक छ। गाउँका यस्ता समस्याहरूको समाधानका लागि समन्वित मिशनको खाँचो छ। यसको लागि तीनै तहका सरकार, प्रतिपक्षलगायत नागरिक समाजबीच सहकार्यको खाँचो छ। यसको सफल क्रियान्वयनको लागि दृढ इच्छाशक्ति पहिलो शर्त हो, अनि मात्र गाउँ–विकासको सपना साकार हुन सक्छ।

# बसले मोटरसाइकललाई ठक्कर दिंदा एकजनाको मृत्यु

प्रस, सर्लाही, १६ माघ/

सर्लाही जिल्लाको बाँके जलस्थित पूर्व–पश्चिम राजमार्गमा शनिवार राति बस दुर्घटना हुँदा एकजनाको ज्यान गएको छ। सो दुर्घटनामा १२ जना घाइते भएको प्रहरीले जनाएको छ।

सिराहाको बरियारपट्टिबाट काठमाडौंतर्फ जाँदै गरेको ना.७ख ७५३ नम्बरको बसले विपरीत दिशाबाट आउँदै गरेको ना.२९प ४४९८ नम्बरको मोटरसाइकललाई ठक्कर दिएपछि अनियन्त्रित भई बस पल्टिएको थियो।

बसले ठक्कर दिंदा मोटरसाइकलको पछाडि सिटमा बसेका एकजनाको मृत्यु भएको छ।

मोटरसाइकलको पछाडि सवार ईश्वरपुर नगरपालिका–१२ घारीबथानका २७ वर्षीय भक्तबहादुर खड्काको घटनास्थलमैं मृत्यु भएको प्रहरीले जनाएको छ।

मोटरसाइकल चालक सोही स्थानका अरुण खड्का गम्भीर घाइते छन्। उनको एउटा खुट्टा छिनेको अवस्थामा उद्धार गरी उपचारका लागि पठाइएको प्रहरीले जनाएको छ। बस पल्टिंदा बसमा सवार यात्रुमध्ये १२ जना घाइते भएका छन्। उनीहरूको लालबन्दीस्थित मोडेल अस्पतालमा उपचारपश्चात् सातजनालाई घर पठाइएको र बाँकी घाइतेहरूको अस्पतालमा उपचार चलिरहेका छन्।

घटनापछि रातको समयमा बसका चालक फरार रहेकाले उनको खोजी भइरहेको सर्लाहीका प्रहरी प्रवक्ता माधवप्रसाद बुढाथोकीले जानकारी दिएका छन्।

# युवा सङ्घले मन्त्री यादवको राजीनामा माग्यो

प्रस, सिराहा, १६ माघ/

एमालेको जनवर्गीय सङ्गठन राष्ट्रिय युवा सङ्घ सिराहाले सङ्घीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवको राजीनामा माग्दै प्रदर्शन गरेको छ। जिल्लाको गोलबजारमा सङ्घले शनिवार र आइतवार प्रदर्शन गरेको थियो।

मन्त्री यादवले पदीय जिम्मेवारीविपरीत अराजक तरीकाले अभिव्यक्ति दिएको, हिंसालाई बढावा दिएको र गौर हत्याकाण्डलाई उनले सार्वजनिकरूपमा नै स्वीकार गरिसकेकाले यथाशीघ्र पदबाट बर्खास्त गरी पक्राउ गर्नुपर्ने युवा सङ्घको माग छ। मानवताविपरीतको गौर हत्याकाण्डका मृतकहरूले अझै न्याय नपाएको र उनीहरूका घरपरिवारले पीडा बोध गरिरहेको अवस्थामा मन्त्री

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# वैदेशिक रोजगारीसम्बन्धी गुनासो छ ? ११४१ मा गर्नुहोस् फोन

काठमाडौं, १६ माघ/रासस

के तपाई वैदेशिक रोजगारमा हुनुहुन्छ ? वा जाने तयारीमा हुनुहुन्छ ?



श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ। तस्वीरः फाइल

कुनै समस्यामा पर्नुभएको छ। सम्बन्धित निकायले तपाईंको गुनासो वा समस्याको सम्बोधन गरेन भने तपाईंले सोझै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सम्पर्क गर्न सक्नुहुनेछ।

पैसा नलाग्ने वा लाग्ने फोन नम्बर सञ्चालनमा ल्याइएको छ। मन्त्रालयले त्यसलाई कल सेन्टर नाम दिएको छ। श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले आइतवार उक्त कल सेन्टर सञ्चालनको शुभारम्भ गरे।

कल सेन्टरमा २४सैं घण्टा फोन सम्पर्क गरेर आफ्ना समस्या वा गुनासा सुनाउन सकिनेछ। त्यसका लागि मन्त्रालयले मन्त्रीको सचिवालयको मोबाइल नम्बर ९८२३२५६७०४, ९८२३२५६७०६ र मन्त्रालयमा रहेको कल सेन्टरको नम्बर ९७७१५९७००८ वा टोल फ्री नम्बर ११४१ मा सीधैं सम्पर्क गरी २४सैं घण्टा गुनासो र समस्या टिपाउन सक्ने व्यवस्था गरेको छ।

गुनासो आउने बित्तिकै मन्त्रालयले आवश्यक कारबाई गर्नेछ। मन्त्रालयका सचिव एकनारायण अर्यालका अनुसार कल सेन्टर तथा वैदेशिक रोजगारसम्बन्धी गुनासो सुनुवाइ कक्षबाट वैदेशिक रोजगारमा रहेका समस्या, गुनासो तथा सुझाव सङ्कलन गरी प्राथमिकताका साथ समाधान गरिनेछ।

यसअघि पनि सञ्चालनमा रहेको कल सेन्टरलाई वैदेशिक रोजगारसम्बन्धी गुनासो सुनुवाइ गर्न एकीकृत कक्षका रूपमा व्यवस्थित गरी शुरू गरिएको मन्त्रालयले जनाएको छ। श्रममन्त्री श्रेष्ठले वैदेशिक रोजगारको सन्दर्भमा नेपाली नागरिकलाई अलपत्र पार्ने जोसुकै संस्था वा व्यक्तिलाई प्रचलित कानूनबमोजिम कारबाईको दायरामा ल्याउने र पीडितलाई न्याय दिलाउने प्रतिबद्धता जनाए।

मन्त्रालयले स्थापना गरेको कल सेन्टर तथा वैदेशिक रोजगारसम्बन्धी गुनासो सुनुवाइ कक्ष उद्घाटन गर्दै मन्त्री श्रेष्ठले पीडितको गुनासो सुनुवाइका लागि प्रतिउत्तर कार्यटोली तथा प्रहरीको समेत सहभागितामा मार्शल टोली गठन गरी दोषीलाई कारबाई गर्न शुरू गरिएको बताए।

पछिल्लो समय वैदेशिक रोजगारको प्रलोभन देखाएर पर्यटन तथा अन्य भिसामा खाडी क्षेत्रका विभिन्न मुलुक, दक्षिणपूर्वी एशियाली मुलुक, युरोपेली तथा अमेरिकी मुलुक र अफ्रिकी महादेशका देशमा गैरकानूनीरूपमा पुऱ्याइ नेपाली नागरिकलाई अलपत्र पारेको, ठगीमा परेको, विभिन्न समस्या तथा अप्ठ्यारोमा परेको भनी दिनहुँ गुनासो आउने गरेपछि मन्त्रालयमैं गुनासो सुनुवाइ कक्ष स्थापना गरिएको हो।

अब कल सेन्टर तथा वैदेशिक रोजगारसम्बन्धी गुनासो सुनुवाइ कक्षमार्फत वैदेशिक रोजगारमा रहेका समस्या, गुनासो तथा सुझाव सङ्कलन गरी एकीकृत गरिनेछ। आएका समस्या तथा गुनासोलाई प्राथमिकीकरण गरी समाधान गरिनेछ भने सेवाग्राहीलाई आफ्नो गुनासो सुनुवाइको अवस्थाबारे जानकारीसमेत दिइनेछ।

कल सेन्टर तथा वैदेशिक रोजगारसम्बन्धी गुनासो सुनुवाइ कक्षमा कस्ता खालका समस्या र गुनासो आउँछन्, त्यसले सरकारलाई नीति निर्माणमा पनि सहयोग पुग्ने मन्त्री श्रेष्ठले बताए। वैदेशिक रोजगारका नाममा हुने कुनै प्रकारको रकम सङ्कलन, ठगीलगायतका क्रियाकलापमा संलग्न व्यक्ति, मेनपावर कम्पनी वा अन्य संस्था उपर वैदेशिक रोजगार ऐन, २०६४ र अन्य सम्बद्ध कानूनबमोजिम पक्राउ गर्ने, अनुसन्धान गर्ने र आवश्यक कारबाई अगाडि बढाइने मन्त्रालयले जनाएको छ।

# शहीदकै कारण मुलुकमा लोकतान्त्रिक प्रणाली सम्भव –प्रधानमन्त्री

काठमाडौं, १६ माघ/रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले



शहीद दिवसका अवसरमा आइतवार काठमाडौंको लैनचौरस्थित शहीद स्मारकमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री शेरबहादुर देउवा। तस्वीरः रासस

शहीदको बलिदानकै कारण आज मुलुकमा सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था सम्भव भएको बताएका छन्।

शहीद सप्ताहको अन्तिम दिन आज लैनचौरस्थित शहीद स्तम्भमा माल्यार्पण गर्दै प्रधानमन्त्री देउवाले व्यक्तिगत स्वार्थ नराखी शहीदले गरेको त्याग र बलिदानका कारण मुलुकमा ठूलो राजनीतिक परिवर्तन सफल भएको बताए।

शहीदको सपना साकार पार्न सबैले आआफ्नो स्थानबाट योगदान गर्नुपर्ने बताउँदै उनले मुलुकमा विधिको शासन र राजनीतिक परिवर्तन पनि शहीदकै कारण सम्भव भएको धारणा राखे। शहीदले परिकल्पना गरे अनुसारको समृद्ध राष्ट्र निर्माण गर्न सरकार प्रतिबद्ध रहेको उनले स्पष्ट पार्दै सच्चा शहीदको अभिलेख तयार गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन्।

प्रधानमन्त्रीले भने–“मुलुकको अबको गन्तव्य भनेको राजनीतिक परिवर्तनलाई संस्थागत गर्दै लोकतन्त्र र सङ्घीय शासन प्रणालीलाई बलियो बनाउँदै मुलुकलाई छिटो विकसित राष्ट्र निर्माणतर्फ लाने हो।”

सोही अवसरमा कामपाका प्रमुख विद्यासुन्दर शाक्यले शहीदको योगदानले नै देशमा प्रजातन्त्र स्थापना सम्भव भएको धारणा राखे। महामारीका कारण सो कार्यक्रममा गृहमन्त्री बालकृष्ण खाँण, मुख्य सचिव शङ्करदास बैरागीलगायत अन्य केही सीमित उच्चपदस्थ अधिकारी मात्र उपस्थित थिए।

कोरोना महामारीका कारण यस वर्ष प्रभातफेरी कार्यक्रम गरिएन। लैनचौरको शहीद स्मारकमा सङ्क्षिप्त स्मृति कार्यक्रम गरेर शहीद सप्ताह समापन गरियो। शहीद सप्ताहको पहिलो दिन यही माघ १० गते सीमित व्यक्तिको सहभागितामा शुक्रराज शास्त्रीको शालिकमा पुष्पगुच्छा अर्पण गरिएको थियो। काठमाडौंको टेकु पचलीस्थित शहीद शास्त्रीलाई प्राणदण्ड दिएको स्थानमा पुगेर कामपाका प्रमुख विद्यासुन्दर शाक्य, उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठसहित पदाधिकारीले पुष्पगुच्छा अर्पण गरेका थिए।

शहीद सप्ताहका अन्य कार्यक्रम यही माघ १३ गते सिफलमा शहीद धर्मभक्त माथेमाको सालिकमा र १५ गते शोभा भगवतीमा गङ्गालाल श्रेष्ठ र दशरथ चन्दको शालिकमा सीमित पदाधिकारी उपस्थित भएर पुष्पगुच्छा अर्पण गरी मनाइयो। कामपाले हरेक वर्ष माघ १० देखि १६ सम्मलाई विभिन्न कार्यक्रम गरी शहीद सप्ताह कार्यक्रम मनाउँदै आएको छ।

# स्थानीय तहको निर्वाचन निर्धारित मितिमैं हुनुपर्छ– डा कोइराला

विराटनगर, १६ माघ/रासस

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले स्थानीय तहको निर्वाचन समयमैं हुनुपर्ने बताएका छन्।

विराटनगरस्थित कोइराला निवासमा आइतवार बिहान सञ्चारकर्मीसँग कुरा गर्दै उनले लोकतन्त्रमा अद्यावधिक निर्वाचन मौलिक हक भएकोले यो निर्वाचन कुनै बहानामा सार्न नहुने बताए।

उनले सरकारले निर्वाचनका विषयमा सीधैं निर्वाचन आयोगसँग छलफल गरी टुङ्गो लगाउनुपर्ने तर्क गर्दै ऐन, कानून परिवर्तन गरेर निर्वाचन सार्न नहुने विचार व्यक्त गरे। उनले भने, “गठबन्धन दलसँगभन्दा पनि सरकारले निर्वाचन आयोगसँग छलफल गरेर निर्वाचनको मिति तोक्दा राम्रो हुनेछ।”

केन्द्रीय सदस्य डा कोइरालाले पार्टीको १४औं महाधिवेशनमा पराजित भएका वरिष्ठ नेतालाई केन्द्रीय सदस्यमा मनोनीत गर्न नेतृत्वलाई सुझाव पनि दिए।

उनले प्रदेश नं १ को नामकरण दलको सहमतिमा हुनुपर्ने भन्दै खर्च बढ्नेगरी मन्त्रालय टुक्र्याउने र मन्त्रीको सङ्ख्या बढाउने कुराले सुशासनमा असर पर्ने धारणा राखे।



देशको आर्थिक अवस्थालाई ध्यानमा राखेर प्रदेश सरकारले आफ्नो सरकार विस्तार गर्नुपर्ने र प्रदेश सरकार पारदर्शी, जवाफदेही र उत्तरदायी हुनुपर्छ भने।



म्याग्दी जिल्लाको बेनी नगरपालिका–१ रत्नेचौरको फाँटमा रहेको तोरीसँगै टिकटक बनाउँदै आन्तरिक पर्यटक। अहिले उक्त स्थान भाइरल तोरीबारीका रूपमा प्रचलित भएको छ। तस्वीरः रासस

# तीन स्रष्टालाई विसं २०७८ को भैरव पुरस्कार

काठमाडौं, १६ माघ/रासस

नेपाली साहित्यका विराट् प्रतिभा एवं हास्य व्यङ्ग्यकार भैरव अर्यालको स्मृतिमा स्थापित पुरस्कारबाट यस वर्ष तीनजना स्रष्टालाई सम्मान गरिने भैरव पुरस्कार गुठीले जनाएको छ।

जस अनुसार २०७८ सालको भैरव पुरस्कार व्यङ्ग्यकार नरनाथ लुइँटेललाई प्रदान गरिने छ। यो पुरस्कारको राशि रु एक लाख ११ हजार १११ रहेको छ। पहिलोपटक यसै वर्षदेखि घोषणा गरिएको भैरव वाङ्मय पुरस्कार संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगलाई प्रदान गरिने गुठीले जनाएको छ।

पुरस्कारको राशि रु एक लाख एक हजार १११ रहेको छ। नेपाली कला, साहित्य, संस्कृति, सङ्गीत, पत्रकारिता लगायत क्षेत्रमा विशिष्ट योगदान दिने स्रष्टालाई अब बर्सेनि यो पुरस्कार प्रदान गरिने गुठीका अध्यक्ष रोचक घिमिरेले राससलाई जानकारी दिए।

त्यस्तै रु ५५ हजार ५५५ रुपियाँ राशिको भैरव प्रतिभा पुरस्कार साहित्यकार बिमल भौकाजीलाई प्रदान गरिने भएको छ। पुरस्कार प्राप्तकर्ताको नाम छनोट गर्न गुठीले व्यङ्ग्यकार लक्ष्मण गाम्नागेको संयोजकत्वमा साहित्यकार श्रीओम श्रेष्ठ रोदन र युवराज मैनाली सदस्य रहेको समिति गठन गरेको थियो। कोभिड–१९ को कहर कम हुने बित्तिकै औपचारिक कार्यक्रम गरी पुरस्कार प्रदान गरिने गुठीका सचिव वसन्त रिजालले जानकारी दिए।

# नेप्सेमा उच्च अङ्कको वृद्धि, पाँच कम्पनीको शेयरमा सर्किट

काठमाडौं, १६ माघ/रासस



धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार उच्च अङ्कले वृद्धि भएको छ। शेयर कारोबार हुने साताको पहिलो दिन नेप्से परिसूचकमा उच्च वृद्धि हुनुको कारण स्थानीय तहको निर्वाचनको मिति तय गर्नेलगायतका विषयमा प्रमुख राजनीतिक दलबीचको सहमतिलाई लिइएको छ।

सत्तारूढ गठबन्धनको शनिवार साँझ बसेको बैठकले आगामी जेठमा स्थानीय तहको निर्वाचन गर्न सरकारलाई आग्रह गर्ने निर्णय गरेको थियो। नेपाल स्टक एक्सचेन्जका अनुसार आज नेप्से परिसूचक १०५.५५ अङ्कले वृद्धि भई दुई हजार ८८५.५३ मा पुगेको छ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १९.८१ अङ्कले बढेर ५३८.५३ मा पुगेको छ। नेप्सेमा उच्च अङ्कको वृद्धि भएपनि कारोबार रकम खासै वृद्धि भएको छैन।

कुल २३१ कम्पनीको एक करोड २१ लाख ५५ हजार ४३२ कित्ता शेयर रु छ अर्ब ३२ करोड ४२ लाख ७४ हजार ३९ हजार मूल्यमा कारोबार भएको छ। नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको शेयर उकालो लागेको छ। बैंकिङ ४६.९९, व्यापार १४६.३३, होटल तथा पर्यटन १४१.४८, विकास बैंक ३१८.२२, जलविद्युत् १८२.९, वित्त १५२, निर्जीवन बीमा ४३१.६१, उत्पादन १९७.७५, अन्य ८३.६९, लघुवित्त १७३.४६, जीवन बीमा ५४८.०६, सामूहिक लगानी कोष ०.२८ र लगानी ५.६९ अङ्कले उकालो लागेको छ।

आजको कारोबारपछि बजार पूँजीकरण रु ४० खर्ब ७७ अर्ब ७९ करोड ४६ लाख ५३ हजार ६०० बराबर पुगेको छ। कारोबारका आधारमा अपि पावर कम्पनी शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु २६ करोड १५ लाख ६१ हजार १३४ बराबरको कारोबार भयो।

यस्तै, दूरसञ्चार कम्पनी रु २३ करोड ६२ लाख नौ हजार ३०८, एचआइडिसिएल रु २३ करोड तीन लाख ९८ हजार ३७६, अरुण भ्याली हाइड्रोपावर रु २१ करोड ९६ लाख ३६ हजार ५०१ र माथिल्लो तामाकोशी रु १४ करोड ११ लाख ७० हजार ३४१ बराबरको कारोवार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

**पाँच कम्पनीको शेयरमा सर्किट**

नेप्सेका अनुसार आज विभिन्न पाँच कम्पनीको शेयरमा सकारात्मक सर्किट लागेको छ। ती कम्पनीको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भएपछि सकारात्मक सर्किट लागेको हो। त्यसमा बिन नेपाल लघुवित्त, लिबर्टी इनर्जी, शिवश्री हाइड्रोपावर, नेपाल पूर्वाधार बैंक, बुद्ध भूमि नेपाल हाइड्रोपावर रहेका छन्।

यस्तै अरुण भ्याली हाइड्रोपावर ९.०२ र हिमालयन ऊर्जा विकास कम्पनीका लगानीकर्ताले ८.८५ प्रतिशतले कमाए। त्यस्तै, मञ्जुश्री फाइनान्सको ऋणपत्र ३.२३, एनआइसी एशिया सेलेक्ट फन्डको २.२३, मेगा म्युचुअल फन्ड एक १.९३, सानिमा लार्ज क्याप फन्ड १.९० र एनआइबिएल समृद्धि फन्ड दोस्रोका लगानीकर्ताले १.३६ प्रतिशतले गुमाएका छन्।

# "जहाँ भ्रष्टाचार हुन्छ : त्यहाँ सुशासन र लोकतन्त्रको तत्त्व रहन्न'

– नारायण न्यौपाने

काठमाडौं, १६ माघ/रासस

सरकारका कामकारबाईलाई पारदर्शी र जनउत्तरदायी तुल्याउन प्रभावकारी संसदीय निगरानी र खबरदारी संयन्त्रको आवश्यकतामा जोड दिइएको छ।

नेपालको संसद् र संसदीय समितिका निर्देशन कार्यान्वयन अवस्था र अन्तर्राष्ट्रिय अभ्यासका आधारमा विज्ञले कार्यकारीको कामको रखबारी र खबरदारी प्रभावकारी संसदीय अनुगमनबाट मात्र सम्भव हुने धारणा व्यक्त गरेका छन्। संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता खिमलाल देवकोटाले संसदीय अनुगमन निर्देशिका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव प्रस्तुत गर्दै अनुगमन तथा नियन्त्रण प्रणालीले राज्यका कामकारबाई पारदर्शी र उत्तरदायी बनाउने बताए।

राज्यलाई लोकतान्त्रिक बनाउन, राज्यका कामकारबाई जनमुखी र उत्तरदायी बनाउन, शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन कायम गर्न प्रजातान्त्रिक मुलुकमा संसदीय अनुगमन अनुसरण गरिंदै आएको छ।

भनाइ छ, "जहाँ शक्ति हुन्छ, त्यहाँ भ्रष्टाचार हुन्छ। जहाँ भ्रष्टाचार हुन्छ, त्यहाँ सुशासन र लोकतन्त्रको कुनै तत्त्व बाँकी रहन्न। तसर्थ लोकतन्त्र र सुशासनका लागि शक्तिको निगरानी, खबरदारी र अनुगमन आवश्यक पर्छ।" आधुनिक राज्यको ध्येय भनेको शान्ति, लोकतन्त्र, विकास र समृद्धि भएकोले राज्यशक्तिको निगरानी लोकतन्त्रको अनिवार्य शर्त मानिंदै आएको छ। विश्वका कैयौं लोकतान्त्रिक मुलुकमा संसदीय अनुगमनको उच्चतम अभ्यास भइरहेको छ।

क्यानाडामा संसद्ले कार्यकारी अङ्गको अनुगमन गर्न स्थायी र विशिष्टीकृत समितिको व्यवस्था गरेको छ भने जर्मनीमा सरकारी अधिकारीलाई समितिमा बोलाएर सोधपुछ तथा लिखित र मौखिक प्रश्नका माध्यमबाट अनुगमन गरिने अभ्यास छ। संसदीय अनुगमन प्रणालीले राज्यका निकायबीच शक्ति पृथकीकरण, नियन्त्रण, सन्तुलन तथा जनता र संविधानप्रति उत्तरदायित्वपूर्ण शासन प्रणाली स्थापनामा बल पुऱ्याउने वरिष्ठ अधिवक्ता देवकोटा बताउँछन्।

संविधानले संसद्लाई जनताको सार्वभौमसम्पन्न स्थायी अङ्गका रूपमा आत्मसात् गरेकोले नेपालले सुधारिएको लोकतान्त्रिक संसदीय प्रणाली अवलम्बन गर्ने मुलुकका रूपमा परिचय स्थापित गरेको छ। सरकारलाई प्रश्न सोधेर, जवाफ मागेर, हरेक कामकारबाईमा निगरानी राख्दै पारदर्शी बनाउन तथा कार्यकारीबाट हुन सक्ने अत्यधिक शक्ति दुरूपयोग रोकेर लोकतन्त्रलाई सुदृढ गर्ने दायित्व लोकतान्त्रिक मुलुकमा संसद् र समितिबाट हुने गर्छ।




लोकतान्त्रिक मुलुकमा सरकारमाथि विश्वास वा अविश्वासको प्रश्न वा संवैधानिक निकायका पदाधिकारीमाथि महाभियोगको विषय छिनोफानो गर्ने अधिकार संसद्मा निहित रहन्छ। नेपालमा सरकारका कामकारबाई नियाल्ने सङ्घीय संसद् मातहत विशिष्ट प्रकृतिको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति नै बेग्लै छ।

संसद्को मूलभूत काम भनेको कानून बनाउने, बजेटमाथि छलफल गरी निर्णय दिने, जनताका आवाज उठाउने र सरकारको कामको रेखदेख गर्नु हो। संसदीय अनुगमनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन गर्ने क्रममा राज्यका निर्देशक सिद्धान्त नीति र दायित्व कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, सार्वजनिक लेखा, शिक्षा तथा स्वास्थ्य, विधायन, राज्यव्यवस्था तथा सुशासन समितिबाट भएका महत्त्वपूर्ण निर्णय, दिएका निर्देशन र कार्यान्वयनको अवस्थासमेतको अध्ययन गरिएको जानकारी दिइयो।

विधायन व्यवस्थापन समिति सभापति परशुराम मेघी गुरुङले संसद् र संसदीय समितिको मुख्य काम भनेको सरकारबाट भएका कामको नियमित अनुगमन, मूल्याङ्कन गरी विश्वासनीय र प्रभावकारी तुल्याउने रहेको बताए। अध्ययनमा समितिले निर्धारण गरेको कार्यविधिमा अनुगमन गर्ने स्वीकृत मापदण्ड नभएका कारण एकरूपता र गुणस्तरमा समस्या देखिएको प्रतिवेदनमा उल्लेख छ।

**निर्देशन दोहोरिने र निर्णय सङ्गतिमा अभाव...**

अध्ययनमा समितिकै निर्देशन पनि बारम्बार दोहोरिएको, एकै प्रकृतिका निर्णय धेरै समितिबाट भएका, निर्णय सङ्गतिमा अभाव देखिएको, कार्यक्षेत्रको स्पष्टता रहेको तथा गुणस्तरीय अनुगमन र प्रभावकारी परिणाम हासिल देखिएको छ। अनुगमनको पनि अनुगमनमा ध्यान नपुगेको तथा आफैंले गरेका निर्णय र निर्देशनबारे समिति नै अनभिज्ञ देखिएको प्रतिवेदनमा उल्लेख छ।

कतिपय समितिका निर्णय सकारात्मक विभेदभन्दा पनि संलग्न र सरोकारका आधारमा भए गरेको देखिएको विज्ञको मत छ। सरकारी कामको संसद्बाटै निगरानी प्रक्रिया नौलो नभएर सर्वाधिक आधिकारिक र असल अभ्यासका रूपमा लिने गरिन्छ।

राष्ट्रियसभा सदस्य एवं कानूनविद् राधेश्याम अधिकारी भन्छन्–"नीति तथा कार्यक्रम ल्याउँदामात्र होइन, कानून निर्माणमा पनि हामी मन्त्री हुँदा र नहुँदा दोहोरो मापदण्ड अँगाल्छौं यो सर्वथा ठीक होइन, संसदीय अनुगमन जति प्रभावकारी भयो त्यति नै सुशासनलाई बलियो तुल्याउँछ।"

विश्वका विभिन्न मुलुकमा भएका असल अभ्यासको अनुसरण गर्न सकियोस् भनी अनुसन्धानकर्ताले क्यानडा, जर्मनी, इटाली, जापान, संयुक्तराज्य बेलायत, अमेरिका, दक्षिण अफ्रिका र भारतले अभ्यास गरिरहेको संसदीय अनुगमनसम्बन्धी व्यवस्था अध्ययन गरी प्रस्तुत गरेको हो।

इटालीमा कार्यकारी अङ्गको नियन्त्रण र निगरानी संसदीय नियन्त्रण एकाइमार्फत गर्ने प्रचलन छ भने जापानमा सरकारका काम संसद् आफैं, सांसद, संसदीय समिति वा खटाएका सदस्यले परीक्षण गर्ने व्यवस्था छ। बेलायतमा भने छानिएको विशेष समिति संसदीय अनुगमनका महत्त्वपूर्ण साधन मानिन्छ। छिमेकी मुलुक भारतमा संसद् स्वयं र समितिमार्फत निगरानी गरेको हुन्छ भने दक्षिण अफ्रिकामा कार्यकारीका हरेक काम कारबाईमा संसदीय अनुगमन अनिवार्य मानिन्छ।

समिति सदस्य देवराज दाहालले मुलुकमा ठूला राजनीतिक परिवर्तनपछि कार्यान्वयनमा हुने भनिएको प्रणाली र पद्धति कहिलेदेखि स्थापित होला भनी विज्ञसँग जिज्ञासा माग गरे।

**अनुगमन किन त**

पूर्वाधार निर्माणलगायत विकासका कार्यक्रमलाई आर्थिक दृष्टिले मितव्ययी, सक्षम र गुणस्तरीय तुल्याउन, कानूनी अख्तियारी प्रदान गर्न तथा रणनीतिक योजना एवं बजेट सुनिश्चित गर्न प्रभावकारी संसदीय अनुगमनको आवश्यकता औंल्याइएको छ।

राज्यका समग्र उद्देश्य र नीति आत्मसात् गरी अर्थपूर्ण योगदान पुऱ्याउने संसदीय अनुगमनको मुख्य ध्येय हो। अनुगमनका लागि पूर्वतयारीका रूपमा पर्याप्त सूचना सङ्कलन, लक्ष्य निर्धारण, उपयुक्त निकाय छनोट, विकल्पको खोजी, विज्ञ र सरोकारवालासँग परामर्श तथा अग्रगामी सोच निर्धारण गर्न सुझाव दिइएको छ।

दस्तावेज, सामग्री र सूचनासमेतका आधारमा संस्था वा पदाधिकारीलाई बोलाएर उनीहरूबाट भएको प्रस्तुति र सूचनाबीच तालमेल भए–नभएको यकीन गरी अनुगमनलाई निष्कर्षमा पुऱ्याउन सकिन्छ। अनुगमन प्रतिवेदनमा कामको पृष्ठभूमि, प्रक्रिया र परिणामसमेत हुने भएकाले निर्माण ठोस, मूर्त, सरल र कार्यान्वयन योग्य हुनुपर्छ भन्ने मान्यता राखिन्छ।

समिति सदस्य विमला राई, प्रकाश पन्थ र रामलखन चमारले संसद्मा स्वतन्त्र अनुसन्धान र अनुगमन संयन्त्रको अभाव खड्किएको तथा आयोजना निर्माण समय लम्ब्याउने, म्याद थप्ने र सर्भे गर्नेलाई कारबाई कसले गर्छ भनी प्रश्न गरे। संसदीय अनुगमनका बेथिति र स्वार्थका कारणले अनुगमन नै विश्वसनीय हुन नसकेको सन्दर्भमा अनुगमन आचारसंहिता बनाउने र अनुगमनको पनि अनुगमन गर्ने पद्धति र प्रणाली स्थापित गर्नुपर्ने देखिएको विज्ञको मत छ।

कानून मन्त्रालयका सचिव उदयराज सापकोटाले अखबारमा छापिएका आधारमा मात्र नभई विषयवस्तुको गम्भीरता अनुरूप संसदीय अनुगमन प्रणाली सधैं चुस्त बन्न आवश्यक रहेको सुझाव दिए। संसदीय निगरानी र अनुगमनले सरकारी र सार्वजनिक क्षेत्रसमेतलाई सदाचार कायम गर्न र तोकिएको सीमाभित्र रहेर काम गर्ने वातावरण तयार गर्ने भएकोले सार्वजनिक सम्पत्ति र समयको हिफाजत हुने विश्वास गरिएको छ।



**मान्छेलाई जाडो भए ओढ्ने, वस्तुभाउलाई सोत्तर**: जाडो बढेपछि घरमा पालिएका वस्तुभाउ राखिएको ठाउँ वा गोठलाई न्यानो बनाउन नजीकैको वनक्षेत्रबाट सोत्तर लिएर फर्कंदै निजगढ नगरपालिका-१० का स्थानीय बासिन्दा। तस्वीर: जीतलाल श्रेष्ठ

## फरक समाचार

# कोरोनाको नियोकोभ भेरियन्ट के हो ?

चीनको वुहानका वैज्ञानिकले नयाँ प्रकारको कोरोना भेरियन्टबारे चेतावनी दिएका छन्। यस नयाँ भेरियन्टको नाम नियोकोभ हो र यो दक्षिण अफ्रिकामा



फेला परेको हो।

रूसको न्यूज एजेन्सी स्पुतनिक अनुसार नियोकोभ स्ट्रेन तीव्र गतिले फैलिन्छ र यसको मृत्युदर पनि निकै बढी छ, जुन मानव जातिका लागि ठूलो समस्या हुन सक्छ। मिडिया रिपोर्ट अनुसार नयाँ भेरियन्ट अहिलेसम्म मनुष्यमा भेटिएको छैन तर यो निकै खतरनाक छ।

नियोकोभ नयाँ भाइरस होइन, बरु मेर्स–कोभ भाइरससँग सम्बन्धित छ। यो पहिलोपटक सन् २०१२ र २०१५ मा मध्यपूर्वी देशमा फेला परेको थियो र यसको एउटा स्ट्रेन हालै दक्षिण अफ्रिकाको एउटा चमेरोको बस्तीमा भेटिएको छ। यद्यपि यो जनावरमा फैलिन्छ तर वैज्ञानिकको दाबी छ कि यसमा सार्स–कोभ–२ को समान लक्षण छ र यो मनुष्यमा पनि फैलिन सक्छ।

वुहान युनिभर्सिटी र चाइनिज एकेडेमी अफ साइन्स इन्स्टिच्युट अफ बायोफिजिक्सका शोधकर्ताले भनेका छन्– मानव कोशिकामा घुसपैठ गर्न भाइरसलाई केवल एउटा उत्परिवर्तन आवश्यक पर्छ। कोरोना भाइरसको कारण उत्पन्न एन्टिबडी र कोभिड खोपले मानव शरीरलाई नियोकोभबाट बचाउन सक्दैन। शोधकर्ताको दाबी छ कि यसको सङ्क्रमण दर निकै बढी छ र साथै यो रोगबाट हुने मृत्युदर पनि निकै डरलाग्दो छ। यस भाइरसको कारण तीनजना सङ्क्रमितमध्ये एकजनाको मृत्यु हुने सम्भावना छ।

नियोकोभद्वारा उत्पन्न प्रत्यक्ष खतराको अनुमान लगाउन निकै कठिन छ। उनले भने– जङ्गलमा फैलिएको यी स्ट्रेन्सको एउटा भीड छ, जसको अध्ययन गर्नुपर्छ। कोरोना भाइरस पनि सबैभन्दा पहिले वुहान ल्याबमा नै रिपोर्ट गरिएको थियो।

विश्व स्वास्थ्य सङ्गठनले नियोकोभबारे जानकारी भएको बताउँदै यो मानवको लागि कति खतरनाक छ, यसको अध्ययन हुनुपर्ने बताएको छ। यो भाइरसबारे जानकारी दिने चिनियाँ अनुसन्धानकर्तालाई डब्लुएचओले धन्यवाद पनि दिएको छ।

# हरियो गोलभेंडा पनि स्वास्थ्यको लागि वरदान

गोलभेंडा स्वास्थ्यको लागि फाइदाजनक हुनुको साथै खानाको स्वाद पनि बढाउँछ। जुस, सुप, सलाद र अचारको लागि प्रयोग गरिने गोलभेंडा रातोमात्र होइन, हरियो पनि स्वास्थ्यको लागि निकै फाइदाजनक हुन्छ। हरियो गोलभेंडालाई हामीले काँचो गोलभेंडा भन्छौं, यसैले यसलाई फाल्ने नगरौं।



हरियो गोलभेंडा भिटामिन सी र एन्टिअक्सिडेन्ट्सले भरिपूर्ण हुन्छ। हरियो गोलभेंडा खाँदा इम्युनिटी बुस्ट हुन्छ, जसले गर्दा चाँडै रोगी हुने र कुनै पनि प्रकारको सङ्क्रमणको खतरा कम गर्छ।

हरियो गोलभेंडामा भिटामिन के बढी मात्रामा हुन्छ। जसले गर्दा ब्लड क्लटिङ हुँदैन। किनभने हरियो गोलभेंडाले रगतको थक्कालाई सुधार्ने काम गर्छ। हरियो गोलभेंडामा बिटा–केरोटिन पाइन्छ, जुन आँखाको स्वास्थ्यको लागि राम्रो हो। हरियो गोलभेंडाको सेवनबाट आँखामा हुने रोगबाट बच्न सकिन्छ।

हरियो गोलभेंडाले रक्तचाप कम गर्छ। यदि रक्तचाप बढेको छ भने हरियो गोलभेंडा सेवन गर्दा रक्तचाप सामान्य हुन्छ। हरियो गोलभेंडामा लो सोडियम र हाइ पोटेशियम पाइन्छ।

हरियो गोलभेंडाको सेवन गर्दा उमेरको प्रभाव पनि कम गर्छ। भिटामिन सी भएकोले यसले स्किन सेल्स बनाउँछ र चाउरिने समस्या कम गर्छ।

# केही स्वास्थ्यसम्बन्धी सल्लाह

चिकित्सकले पोस्ट कोभिड भएका व्यक्तिलाई सचेत हुन चेतावनी जारी



गरेका छन्। मधुमेह र उच्च रक्तचापको औषधि खान बिर्सिनुहुन्न। अचानक गर्मीबाट चीसो ठाउँमा नजाऔं। कान ढाकेर राखौं र हावाबाट जोगिने काम गरौं।

कोरोनाले मस्तिष्कको नसामाथि ठूलो असर पार्छ। कमजोर नसामा रक्तको दबाब बढ्दा नसा च्यातिन्छ। त्यसैले मधुमेह र रक्तचापको निगरानीमा अभाव र औषधिमा लापरवाही नगरौं।

बिहान हलुका मनतातो पानी पिउँदा रक्तचाप राम्रो हुन्छ र रोग लाग्ने सम्भावना कम हुन्छ।

प्रतिदिन एउटा अन्डा खानाले उमेरको समस्या हुँदैन। अन्डा प्रोटिनको राम्रो स्रोत हो। यो कपाल र नङको लागि निकै फाइदाजनक हुन्छ।

शरीरमा रगतको कमी भएपछि नियमित एक गिलास अनारको रस पिउँदा रगतको कमी र कमजोरी हुँदैन। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकामा कोभिडका कारण मृत्यु हुने बढ्दै

लन्डन, १६ माघ/सिन्हवा

संयुक्त राज्य अमेरिकामा कोभिडका



तस्वीरः फाइल

कारण हुने मृत्यु बढिरहेको देखिएको छ। यसलाई अमेरिकाका अधिकारीहरूले चिन्ताजनक पनि भनेका छन् । प्राप्त पछिल्लो समाचार अनुसार यहाँ गएको सात दिनसम्म कोभिडका कारण हुने मृत्यु बढ्दै गएको छ। बुधवार मात्र यहाँ २४ घण्टामा कोभिडबाट दुई हजारभन्दा बढीको ज्यान गएको छ।

बुधवारको पछिल्लो तथ्याङ्क अनुसार यहाँ एकै दिन कोभिडबाट २ हजार २५९ जनाको ज्यान गएको थियो। तर उता कोभिडबाट हुने सङ्क्रमितको सङ्ख्या भने अहिले घटेको छ। पछिल्लो केही दिनयता यो सङ्क्रमण दरमा करीब १३ प्रतिशतले कमी आएको देखिएको छ।

यहाँ दैनिक ६ लाखभन्दा बढी नै सङ्क्रमित पाइने गरेका छन्। अमेरिका कोभिडबाट सबैभन्दा बढी प्रभावित देशमा पर्दछ। अमेरिकामा विश्वमा नै कोभिडबाट सबैभन्दा बढी नागरिकको ज्यान गएको छ भने सङ्क्रमण दर पनि धेरै रहेको पाइएको छ।

यहाँ अहिलेसम्म कोभिडबाट ९ लाख ६ हजारभन्दा बढीको ज्यान गएको छ। विश्वका अरू देशको तुलनामा यो सबैभन्दा बढी हो।

### भारतमा कोरोना भाइरसबाट थप दुई लाख ३४ हजार सङ्क्रमित

नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट थप दुई लाख ३४ लाखभन्दा बढी सङ्क्रमित भएका छन्। पछिल्लो २४ घण्टामा भारतमा दुई लाख ३४ हजार २८१ जना सङ्क्रमित भएका स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। यसैसँगै भारतमा चार करोड १० लाख ९२ हजार ५२२ जना कोरोनाका कुल सङ्क्रमित भएका समाचारमा जनाइएको छ।

सोही अवधिमा कोरोना सङ्क्रमणका कारण भारतमा ८९३ जनाको मृत्यु भएको सो मन्त्रालयले आइतवार जनाएको छ। अधिकारीहरूका अनुसार भारतमा अहिलेसम्म कुल चार लाख ९४ हजार ९१ जनाको कोरोना भाइरस सङ्क्रमणका कारण मृत्यु भएको छ।

भारतमा पछिल्लो समय दैनिक सङ्क्रमितहरूको सङ्ख्यामा निरन्तर कमी आइरहेको छ। दिन प्रतिदिन बढ्दै गएकोमा अहिले घट्दै आएको जनाइएको छ। मन्त्रालयका अनुसार भारतमा अहिले सङ्क्रमित अवस्थामा रहेकाहरूको सङ्ख्या पनि घट्दै गइरहेको छ। सरकारी अधिकारीहरूका अनुसार भारतमा शनिवार १८ लाख ८४ हजार ३३३ जना सक्रिय सङ्क्रमित रहेका छन्। सक्रिय सङ्क्रमितको यो सङ्ख्या कुल सङ्क्रमितको ४.५९ प्रतिशत भएको जनाइएको छ। दैनिक नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त सङ्ख्या धेरै भएकोले पनि अहिले सक्रिय सङ्क्रमितहरूको सङ्ख्या घट्दै गएको हो। भारतमा पछिल्लो २४ घण्टामा तीन लाख ५२ हजार ७८४ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। एउटै अवधिमा नयाँ सङ्क्रमितहरूको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त हुनेहरूको सङ्ख्या एक लाखभन्दा बढी छ।

भारतमा पछिल्लो एक दिनमा १६ लाख १५ हजार ९९३ जनाको कोरोना परीक्षण गरिएको थियो। भारतमा सन् २०२१, जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म भारतमा एक अर्ब ६५ करोड ७० लाखभन्दा बढी डोज खोप लगाइएको छ। रासस

## बाइडेनले युक्रेनको चिन्ता छाडेर अमेरिकी सीमाको रक्षा गर्नुपर्छ -ट्रम्प

अमेरिका, १६ माघ/एएनआई/स्पुतनिक

पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासनले युक्रेन वरपरको अवस्थाबारे चिन्ता गर्न छोड्नुपर्छ र यसको सट्टा आन्तरिक सीमा सुरक्षाको मुद्दामा ध्यान केन्द्रित गर्नुपर्ने बताएका छन्।

"वाशिंगटनमा सबैजना युक्रेनको सिमाना कसरी जोगाउने भनेर सोचिरहेका छन्, तर हाम्रो लागि अहिले संसारको सबैभन्दा महत्त्वपूर्ण सिमाना युक्रेनको सीमा होइन, यो अमेरिकाको सीमा हो र हामी यसबारे केही गर्दैनौं"– ट्रम्पले टेक्सासको कन्रोमा शनिवारको ऱ्यालीमा आफ्ना समर्थकलाई भने।

ट्रम्पले अमेरिकी राष्ट्रपतिको पहिलो कर्तव्य अमेरिकी सीमाको रक्षा गर्नु भए पनि अहिलेको अमेरिकी प्रशासन अन्य देशको 'आक्रमण'को कुरामा व्यस्त रहेको टिप्पणी गरेका छन्।

"उनीहरूले यस देशको आक्रमण रोक्न आवश्यक छ"– ट्रम्पले जोड दिए–


तस्वीरः एएफपी

"जो बाइडेनले पूर्वी युरोपको सीमा रक्षा गर्न कुनै पनि सेना पठाउनु अघि, टेक्सासमा हाम्रो सीमा रक्षा गर्न सेना पठाउनुपर्छ।"

ट्रम्पले बाइडेनले तेस्रो विश्वयुद्धको जोखिम सिर्जना गरिरहेको चेतावनी दिएका छन्। शुक्रवार अमेरिकी संयुक्त चिफ अफ स्टाफका अध्यक्ष मार्क मिलेले रूसले युक्रेनी सीमामा कुनै पनि क्षण आक्रमण गर्न पर्याप्त सेना जम्मा गरेको दाबी गरे र सङ्कटको कूटनीतिक समाधानको लागि खोजी जारी राख्न आग्रह पनि गरेका थिए।

मस्कोले छिमेकीमाथि आक्रमण गर्ने कुनै मनसाय नरहेको बताउँदै आएको छ। रूसले कसैलाई धम्की दिएको छैन र रूसको सिमाना नजीक नाटोको बढ्दो उपस्थिति र युक्रेनको सैन्यीकरणमा चिन्ता व्यक्त गरेको जनाएको छ।

बुधवार रूसका लागि अमेरिकी राजदूत जोन सुलिभानले युरोपको लागि रूसको सुरक्षा प्रस्तावमा वाशिंगटनको प्रतिक्रिया दिएका छन्। रूसी विदेशमन्त्री सर्गेई लाभरोभले बिहीवार रूसले उक्त प्रतिक्रियाको समीक्षा गरिरहेको तर संयुक्त राज्यले नाटो विस्तार नगर्ने मुख्य प्रश्नलाई अनुत्तरित छोडेको टिप्पणी गरेका छन्। रासस

सरसफाइमा ध्यान दिउँ,
बिरामी हुनबाट बचौं।

वीरगंज महानगरपालिका

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## टचलेस ह्यान्डवास प्रयोगविहीन

प्रस, सेढवा, १६ माघ/

कोरोना सङ्क्रमणको पहिलो चरणमा विभिन्न संस्थाहरूले विद्यालयलगायतमा वितरण गरेका टचलेस ह्यान्डवास प्रयोगविहीन अवस्थामा छन्।

संरक्षण अभावमा टचलेस ह्यान्डवास जीर्ण अवस्थामा पुगेका हुन्। कोरोनाको पहिलो लहरपछि खुलेका विद्यालयहरूमा टचलेस ह्यान्डवास जडान गरिएको थियो। युएन हेभिटासका पूर्वसंयोजक सरोज चौरसियाले जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी, जगरनाथपुरलगायतमा टचलेस ह्यान्डवास वितरण गरेका थिए।

कतिपय स्थानीय तहले आफ्नै लगानीमा समेत खरीद गरेर विद्यालय, गापा कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी आदिमा टचलेस ह्यान्डवास जडान गराएका थिए।


तस्वीरः प्रतीक

कोरोनाको मापदण्ड पूरा गराउन देखावटीरूपमा मात्र यो राखिएको अहिले आएर पुष्टि भएको छ। कुनै पनि संस्थाले टचलेस ह्यान्डवासलाई पहिलो कोरोनाको सङ्क्रमणपछि प्रयोगमा नल्याएकाले अहिले तेस्रो लहरमा यी ठाउँमा जडित टचलेस ह्यान्डवास प्रयोगविहीन अवस्थामा जीर्ण बनेका छन्।

जडान गरिएको स्थानमा कुनैमा प्लेटफर्म, प्लास्टिक टङ्की नभएको वा फुटेको, साबुनपानी नरहेको अवस्थामा छन्।

जीराभवानी गापाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले गापामा रहेको टचलेस ह्यान्डवास छिट्टै सञ्चालनमा आउने आश्वासन दिए।

## मोबाइल पसलमा चोरी गर्ने पाँचजना पक्राउ

प्रस, बारा, १६ माघ/

बारा, प्रसौनी गापा–२ स्थित शुभश्री मोबाइल पसल फुटाइ पसलमा रहेको विभिन्न कम्पनीका मोबाइल चोरी गर्ने कसूरमा प्रहरीले चारजनालाई पक्राउ गरी सार्वजनिक गरेको छ।

चोरीमा संलग्न मानिस तथा चोरी भएको मालसामान खोजतलाश तथा अनुसन्धान गर्ने क्रममा जिल्ला बारा प्रसौनी गापा–१ बस्ने विशाल मुखियाको संलग्नता रहेको यकीन भएपश्चात् निजको घरकोठा खानतलाशी गर्ने क्रममा पसलबाट चोरी भएका मालसामान नयाँ मोबाइल सेट ९४ थान, ब्याट्री, चार्जर, राउटर तथा सोही घरको पहिलो तलाको कोठामा चामलको बोरामा लुकाइछिपाइ राखेको अवस्थामा अवैध लागूऔषध गाँजा छ किलोसमेत फेला पारेको थियो।

उक्त चोरी कार्यमा संलग्न २२ वर्षीय


तस्वीर सौजन्यः जिप्रका, बारा

बलिराम मुखिया, वर्ष २० का राम मुखिया, वर्ष २७ का पवन पटेल र वर्ष २३ का रम्तुल्लाह अन्सारी रहेका छन्।

पक्राउ परेका सबैजनालाई बारा जिल्ला अदालतबाट पाँच दिनको म्याद लिई थप अनुसन्धान भइरहेको जिप्रका, बाराका प्रवक्ता प्रनाउ राजेश थापाले बताए।

## अपरेशन लिमा : रु एक करोड ५० लाखका मदिरासहित चारजना पक्राउ

काठमाडौं, १६ माघ/रासस

महानगरीय अपराध महाशाखाको टोलीले भन्सार छलेर ल्याइएको रु एक करोड ५० लाख मूल्यका मदिरासहित चारजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा पर्सा घर भई हाल काठमाडौंको कपन बस्ने वर्ष ३९ वर्षीय सन्तोषचन्द्र बखेल, काठमाडौं कागेश्वरी मनहरा बस्ने ३० वर्षीय शैलेश पन्त, पर्सा सुवर्णपुर घर भई हाल काठमाडौंको हाँडीगाउँ बस्ने २८ वर्षीय रविन पाखिन र सर्लाही घर भई हाल चाबहिल बस्ने ३८ वर्षीय नारायणप्रसाद घिमिरे रहेका छन्।

बखेलसमेतका व्यक्तिहरूले महँगो मूल्यका मदिरा (रेड लेबल, ब्ल्याक लेबल, अब्सुलुट भोडका, सिवाज रिगललगायतका) भारतबाट चोरीपैठारी गरी नेपाल ल्याइ कारोबार गर्ने गरेको भन्ने सूचनाका आधारमा 'अपरेशन लिमा' सञ्चालन गरी प्रहरीले ठूलो परिमाणको अवैध मदिरासमेत बरामद गर्न सफल भएको छ।

अघिल्लो हप्ता प्राप्त विशेष सूचनाका आधारमा खोजतलाशमा निस्किएको महानगरीय अपराध महाशाखाको टोलीले यही १४ गते उपत्यकाका रामकोट, बानेश्वर, कपनलगायत विभिन्न स्थानहरूबाट २९६ कार्टुन मदिरा बदामद गरेको थियो। यसको बजार मूल्य एक करोड ५० लाख रहेको जनाइएको छ। आवश्यक अनुसन्धानपछि थप अनुसन्धान तथा कारबाहीको लागि आज राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुर पठाएको महाशाखाले जनाएको छ।

रवि भन्ने भारतीय नागरिक र सन्तोषचन्द्र बखेलको योजनामा भारतबाट राजस्व छली गरी विभिन्न ब्रान्डका मदिरा बिक्री हुने गरेको अनुसन्धानमा खुलेको छ। बखेलले तीन महीनाअघि पहिलोपटक १६० कार्टुन, दोस्रोपटक २०० कार्टुन र तेस्रोपटक ३०० कार्टुन ब्ल्याक लेबल, रेड लेबल, सिवाज रिगल र एब्सुलेट भोडका ल्याइ गैरकानूनीरूपमा बिक्री वितरण गरेको अनुसन्धानमा खुलेको महाशाखा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले जानकारी दिए।

बखेलले बजारमा बिक्री वितरण गर्न इन्फिनिटी लिक्योर, मूलपानीका सञ्चालक शैलेश पन्तसँग मिलेर काम गर्दै आएको र नारायणप्रसाद घिमिरेले उक्त ब्रान्डका मदिरा ड्युटी फ्रीको हो भनी ग्राहकलाई विश्वास दिलाइ बिक्री गर्दै आएका थिए। उक्त राजस्व छलीका मदिरा विशेषतः पार्टी प्यालेसमा बिक्री वितरण गर्ने पाइएको महाशाखाले आज एक विज्ञप्ति जारी गरी जनाएको छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – अस्वस्थता | वृष – चोरभय |
| मिथुन – भयचिन्ता | कर्कट – राज्यलाभ |
| सिंह – कान्तिक्षय | कन्या – सुयश |
| तुला – खर्चवृद्धि | वृश्चिक – धनलाभ |
| धनु – सफलता | मकर – राज्यभय |
| कुम्भ – रोगभय | मीन – व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## अझै केही दिन मौसम सुधार नहुने

काठमाडौं, १६ माघ/रासस

पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले अझै केही दिन मौसम सुधार नहुने भएको छ।

उक्त मौसमी प्रणालीका कारण केही दिन देशको अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली भई केही स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

राति प्रदेश नं १, वाग्मती, गण्डकी तथा लुम्बिनी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागहरूमा आंशिक बदली रहनाका साथै देशको उच्च पहाडी भूभागका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावनासमेत रहेको बताइएको छ।

महाशाखाको अनुसार सोमवार प्रदेश नं १, वाग्मती, गण्डकी तथा लुम्बिनी प्रदेशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागहरूमा आंशिक बदली रहनेछ।

देशको उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम तीन दशमलव तीन डिग्री र अधिकतम तापक्रम १६ दशमलव दुई डिग्री सेल्सियस रहेको छ।

त्यस्तै, आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस तीन दशमलव सात डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम २१ दशमलव ६ डिग्री सेल्सियस रहेको छ।

# चैतसम्म पर्साका सबैले खोप पाउने

## अहिलेसम्म ६० प्रतिशतले खोप लगाए

नितेश कर्ण, वीरगंज, १६ माघ/

पर्सा जिल्लामा कोरोनाविरुद्धको खोप ६० प्रतिशतले लगाएका छन्। स्वास्थ्य कार्यालय, पर्साका निमित्त स्वास्थ्य प्रमुख नवलकिशोर साहले उपलब्ध तथ्याङ्क अनुसार ५३.४ प्रतिशतले खोप लगाएको देखिए पनि थप तथ्याङ्क आउन बाँकी रहेको र ती तथ्याङ्कको पनि गणना गर्दा अनुमानित ६० प्रतिशतले कोरोनाविरुद्ध खोप लगाइसकेको बताए।

निमित्त प्रमुख साहले अहिले पनि कोरोनाविरुद्धको खोप विभिन्न स्थानमा जारी रहेको बताए। कोभिशिल्ड, भेरोसिल खोप दिने कार्य जारी रहेको उनले बताए। पर्सा जिल्लामा १८ वर्षमाथिका चार लाख ४५ हजार ३६५ जनालाई खोप लगाउने लक्ष्य रहेकामा अहिलेसम्म पहिलो मात्राको ६८.५६ प्रतिशतले खोप लगाएको र दोस्रो मात्राको खोप करीब ६० प्रतिशतले लगाएको उनले बताए।

कोभिशिल्डको पहिलो मात्राको खोप ३७ हजार ८१३ जना, भेरोसिल दुई लाख चार हजार ६५६ जना, जोन्सन ३६ हजार २६३ जना र अस्ट्राजेनिका २६ हजार ६२७ जना गरी तीन लाख पाँच हजार ३५९ जनाले खोप लगाइसकेका छन्।

दोस्रो मात्राको खोप कोभिशिल्ड ३४ हजार ४६४, भेरोसिल १ लाख ४३ हजार २९२ र अस्ट्राजेनिका २८ हजार ९८२ जनाले गरी कुल एक लाख ९९ हजार ७४१ जनाले लगाएको बताए। १२ वर्षमाथि र १७ वर्षमुनिका २५५३ जनाले फाइजरको पहिलो मात्राको खोप लिएको, दोस्रो मात्राको खोप २१३७ जना र १८ वर्षमाथिकालाई पहिलो मात्राको मोडर्ना खोप २५ हजार ४६३ जनालाई दिइएको निमित्त प्रमुख साहले बताए। उनले वीरगंज महानगर, पकाहामैनपुर, कालिकामाई, पोखरियामा फाइजर खोप पहिलो र दोस्रो चरणमा करीब २८ हजारभन्दा बढी विद्यार्थीलाई लगाइएको बताए।

निमित्त प्रमुख साहले चैत मसान्तसम्म पर्सा जिल्लाका सबैलाई खोप लगाइसक्ने उद्देश्यअनुरूप कार्य भइरहेको बताए।




स्वास्थ्य कार्यालय पर्सामा खोप लिन जानेहरू र निमित्त स्वास्थ्य प्रमुख नवलकिशोर साह। तस्वीरः प्रतीक

# खेलकूदको संसार

## मैत्रीपूर्ण फूटबल खेलमा पत्रकार समूह विजयी

प्रस, वीरगंज, १६ माघ/

वीरगंजबाट प्रकाशित कालिका टाइम्सको वार्षिकोत्सवको अवसरमा आइतवार भएको मैत्रीपूर्ण फूटबल खेलमा पत्रकार समूह विजयी भएको छ। निजामती कर्मचारी र पत्रकारबीच प्रदेश प्रहरी विपद् व्यवस्थापन गुल्मको मैदान वीरगंजमा भएको मैत्रीपूर्ण खेलमा पत्रकार समूहले निजामती कर्मचारीलाई तीनका विरुद्ध सात गोलअन्तरले पराजित गरेको हो।




तस्वीरः प्रतीक

विजयी पत्रकार समूहलाई नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य अजयकुमार चौरसियाले शिल्ड, मेडल, प्रमाणपत्र वितरण गरेका थिए भने उपविजेता निजामती कर्मचारीलाई प्रदेशसभा सदस्य राजेश्वर साह तेली, प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत, रेडियो वीरगंजका ध्रुव साहले शिल्ड, मेडल, प्रमाणपत्र वितरण गरेका थिए।

प्रतियोगितामा 'म्यान अफ दी म्याच' घोषित पत्रकार मनोज पटेललाई नेपाल पत्रकार महासङ्घका सदस्य केसी लामिछानेले शिल्ड, मेडल प्रदान गरेका थिए।

पत्रिकाका प्रबन्ध निर्देशक छठु साहको अध्यक्षतामा मैत्रीपूर्ण फूटबल खेल सम्पन्न भएको थियो।

## भाइरल ज्वरोको प्रकोप घटेन

बलिराम शुक्ला, बिरुवागुठी, १६ माघ/

चीसो बढेसँगै फैलिएको भाइरल ज्वरोको प्रकोप कम भएको छैन। पर्सागढी नगरपालिकालगायत ग्रामीण भेगमा एक महीनादेखि फैलिएको भाइरल ज्वरोको प्रकोपका कारण स्थानीयवासी तनावमा छन्। अधिकांश घरका एकजना सदस्यलाई ज्वरो, रुघाखोकी, टाउको तथा जीउ–हात दुख्ने र कसैकसैलाई पखाला लाग्ने गरेको र यो रोग सर्ने गरेको ज्वरोबाट पीडित नन्दलाल चौधरीले बताए।

बिरामीहरूले ग्रामीण भेगमा रहेका स्वास्थ्य चौकी तथा क्लिनिकमा उपचार गराइरहेका छन्। उपचार गराउन आउनेहरू अधिकांशलाई भाइरल ज्वरो रहेको स्वास्थ्यकर्मी बताउँछन्।

पर्सागढी नगरपालिका कार्यालयका निमित्त स्वास्थ्य प्रमुख उमेशप्रसाद साहका अनुसार चीसो बढेपछि भाइरल ज्वरोको प्रकोप बढेकाले बिरामीहरू दिनहुँ नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीमा उपचार गराउन आउने गरेको बताए। स्वास्थ्यकर्मीहरूले यो अवस्थामा न्यानो कपडा लगाउने, झोलिलो/पोषिलो खाना खाने र मनतातो पानी सेवन गर्न तथा आवश्यक परे मात्र घरबाट बाहिर निस्कन सुझाव दिइरहेका छन्।



पर्सागढी नपाको एक क्लिनिकमा औषधि किन्दै। तस्वीरः प्रतीक

## वैज्ञानिक समाजवादी विद्यार्थी सङ्गठनको भेला

प्रस, वीरगंज, १६ माघ/

वैज्ञानिक समाजवादी विद्यार्थी सङ्गठनको प्रथम जिल्ला भेला आइतवार वीरगंजमा सम्पन्न भएको छ।

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य बैधनाथ श्रमजीवी, विद्यार्थी सङ्गठनका केन्द्रीय संयोजक राजेश्वरी सुवेदी, समाजवादी बौद्धिक शिविरका सदस्य डा अशोक दास, अभिभावक इन्जिनीयर रामचन्द्र दास, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीकी महिला सदस्य निभा दासको सहभागितामा २५ सदस्यीय पर्सा जिल्ला कार्यसमिति गठन गरिएको छ। सो समितिको अध्यक्ष नारद रेवानी, उपाध्यक्षद्वय साजन यादव र मुस्कान सिंह, सचिव नेहा खातुन, सहसचिव रोहित जयसवाल र कोषाध्यक्षमा निरुता चौधरीलगायत रहेका छन्।




तस्वीरः प्रतीक

### युवा सङ्घले मन्त्री.....

यादवले पीडितलाई थप पीडा दिएको युवा सङ्घका नेताहरूले बताएका छन्।

प्रदर्शनकारीहरूले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि खारेज गर्नुपर्ने, किसानलाई मलखाद उपलब्ध गराउनुपर्ने, लिपुलेक, कालापानी, लिम्पियाधुरामा एकतर्फी भारतीय निर्माण कार्य तुरुन्त बन्द गर्नुपर्नेलगायतका माग राखेका छन्।

सरकारविरुद्ध विभिन्न नाराका साथ जुलुसपछि कोणसभामा परिणत भएको थियो। सभामा युवा सङ्घका मधेस प्रदेश इन्चार्ज बैधनाथ साह, जिल्ला अध्यक्ष इन्द्रेश राउतलगायतले मन्तव्य व्यक्त गरेका थिए।

प्रदर्शनकारीहरूले मन्त्री यादवको पुतला दहन गरेका थिए। मन्त्रीले राजीनामा नदिएसम्म आन्दोलनलाई निरन्तरता दिने सङ्घले जनाएको छ।

### बाघ गणनाको नतीजा....

थालेको उनले बताए। नेपालमा १२ वटा राष्ट्रिय निकुञ्ज र एउटा आरक्ष रहेकामा अहिले बाघ गणना शुक्ला फाँटा, बर्दिया, बाँके, चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा मात्र भइरहेको छ।

बाघ गणनाको अन्त्यमा नेपालमा बाघको सङ्ख्या बढ्ने वन्यजन्तु संरक्षणविद्हरूले अनुमान गरेका छन्। नेपालभरिका राष्ट्रिय निकुञ्जमा सन् २०१८ को तथ्याङ्क अनुसार २३५ वटा बाघ रहेका छन्।

### नेकाले.......

कार्की, प्रदेशसभा सदस्य राजेश्वर साह तेली, ब्रह्मदेवप्रसाद कुर्मी, प्रकाश उपाध्याय, दिना गुप्ता, राधा श्रेष्ठलगायतको सहभागिता थियो।

### एमालेले शहीदको सपना साकार पार्ने

प्रस, रौतहट/

नेकपा एमाले मधेस प्रदेशका सहइन्चार्ज सुमनराज प्याकुरेलले शहीदको अधूरो सपना साकार गर्न एमाले लागिपरेको बताए। माधवनारायण नगरपालिका माधोपुरद्वारा आयोजित भानुराम शहीद स्मृति प्रतिष्ठानको उद्घाटन गर्दै उनले आफू पनि शहीद भानुरामको सपना साकार गर्न लाग्ने बताए। उनले भानुरामको सपना पूरा गर्न हामी सबैले शपथ लिनुपर्ने बेला आएको बताए। आफू नमरुन्जेलसम्म शहीद भानुरामको सपना पूरा गर्न कदम चाल्ने बताए।

भानुरामलगायत कैयौं शहीदका कारण आज देशमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको उनले बताए। नेपाली जनतालाई समृद्ध बनाउन तथा देशमा विकास गराउन केपी ओलीको सरकार आवश्यक रहेको उनले बताए। राणाशासनलगायत राजाले चालेको निरङ्कुश शासनका कारण नेपाली जनता समृद्ध हुन नसकेको बताए। नेपाली जनता कम्युनिस्ट पार्टीको पक्षमा रहेको पुष्टि भइसकेको उनले जिकिर गरे।

२०५९ असार १९ गते चिकना टोलका करबोलमा दोहरो भिडन्तमा सेनाले भानुरामलाई गोली हानेको थियो।

माधवनारायण नगरपालिकाकी उपप्रमुख सिमलकुमारी साहको अध्यक्षतामा नेकपा एमालेका जिल्ला इन्चार्ज उपेन्द्र साह, पूर्वसांसद बबन सिंह, मौलापुर नगरपालिकाकी प्रमुख रीनाकुमारी साह, पूर्वसांसद अब्दुल कलाम आजाद, राजकिशोर यादवलगायतले शहीद भानुरामको जीवनीबारे प्रकाश पारेका थिए।





## ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।

- ज्येष्ठ नागरिकलाई दया होइन, सम्मान गरौं।
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं।
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं।
- सभ्यताको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |